*अवधारणा* AWADHARANA
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 8, September 2024
Published by Creative Democrat Academy

# कालीगण्डकी बेसीमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो लोकगीतको अध्ययन

**प्रमोद पंज्ञानी**
**उपप्राध्यापक, त्रिभुवन आर्दश बहुमुखी क्याम्पस, स्याङ्जा**

*Article History : Submitted 19 April 2024; Reviewed 3 June 2024; Accepted 11 July 2024*
*Author: Pramod pangyani    Email : panganipramod397@gmail.com*

## लेखसार

प्रस्तुत लेख कालीगण्डकी बेसीमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो नामका लोकगीतहरूको अध्ययनमा केन्द्रित छ । यस अध्ययनमा लोकसांस्कृतिक दृष्टिले सम्पन्न कालीगण्डकी क्षेत्रमा मौखिक एवम् श्रुतिपरम्परामा रहेका लोकलयात्मक विरहनी, घटुवारे र लाहुरेलो नामका लोकगीतको गायन सन्दर्भ, तिनमा रहने विषयभाव, ती गीतले लोक जीवनमा पार्ने प्रभाव र महत्त्वलाई चिनाइएको छ । यस क्रममा ती लोकगीतहरू स्वरूप, संरचना, भाव प्रवाह र लयगत विशेषताका कारण यहाँ प्रचलित अन्य लयका लोकगीतहरू भन्दा बढी महत्त्पूर्ण ठहरिएको र तिनले समाजमा विशेष प्रभाव पार्न सफल भएको विश्लेषण गरिएको छ । सामाग्री सङ्कलन क्षेत्रकार्य तथा पुस्तकालय स्रोतबाट गरिएको छ । विश्लेषणका क्रममा व्याख्या विधिको उपयोग भएको छ । यस सिलसिलामा कालीगण्डकी बेसीमा प्रचलित यी लोकगीतसम्बन्धी यसपूर्व अध्ययन विश्लेषण गरिएका लिखित सामग्री नभेटिएकोले विरहनी, घटुवारे र लाहुरेलो लोकगीतका गायक, जानकार एवम् अन्वेषकबाट प्राप्त धारणालाई यस अहध्ययनको मूल आधार मानिएको छ ।  अन्त्यमा कालीगण्डकी बेसीमा प्रचलित यी लोकगीतहरू विविध दृष्टिले महत्त्वपूर्ण, अध्येय एवम् अनुसन्धेय रहेसँगै हाल यी लोपोन्मुख अवस्थामा रहेको निष्कर्ष स्थापित गरिएको छ ।

***विशेष शब्दहरू*** : कालीगण्डकी बेसी, घटुवारे, लाहुरेलो, लोकगीत, विरहनी

## विषय परिचय

लोकसाहित्यका प्रमुख विधाहरूमध्ये लोकगीत समृद्ध एवम् लोकप्रिय विधा मानिन्छ । नेपाली समाजमा विविध विषयभाव, लय र प्रकृतिका लोकगीत विकसित एवम् प्रचलित छन् । लोकगीतलाई मुख्यतः सदाकालिक र सामयिक गरी दुई भेदमा वर्गीकरण गरिएको पाइन्छ । लोकजीवनमै सिर्जना भई विकसित हुने लोकगीत स्थानीय जनजीवन, प्रकृति, लोक परम्परा आदि पक्षसँग सम्बद्ध हुन्छन् । यसैले स्थानअनुसार विविध लय

र प्रकृतिका लोकगीत पाइन्छन् ।

स्याङ्जा जिल्ला नेपालको साविक पश्चिमाञ्चल विकासक्षेत्र र हालको गण्डकी प्रदेशअन्तर्गत पर्ने मनोरम पहाडी जिल्ला हो । यसको पूर्वमा तनहुँ, उत्तरमा कास्की र पर्वत, पश्चिममा गुल्मी तथा दक्षिणमा कालीगण्डकीसँगै जोडिएको पाल्पा जिल्ला पर्दछ । भू-बनोटका दृष्टिले स्याङ्जा जिल्ला अनेक लेकबेसी, खौँच, टार र फाँटमा संरचित छ । यो प्राकृतिक सौन्दर्यसँगै धार्मिक, ऐतिहासिक, पर्यटकीय, जातीय र लोकसांस्कृतिक विविधताका दृष्टिले महत्त्पूर्ण जिल्ला मानिन्छ । आँधीखोला, ज्याग्दीखोला र कालीगण्डकी यस जिल्लाभित्र बग्ने प्रसिद्ध नदीहरू हुन् ।

कालीगण्डकी वारिपारि अनेक तटीय मैदान, फाँट र बेसीहरू रहेका छन् । स्याङ्जा र पाल्पाको सङ्गम राम्दीदेखि पूर्व तनहुँ र नवलपुरको सङ्गम डेढगाउँसम्म विशाल भूभाग फैलिएर रहेको देखिन्छ । यो भाग कालीगण्डकी प्रश्रवण क्षेत्रअन्तर्गतको एक खण्डका रूपमा समेत रहेको देखिन्छ । यही क्षेत्रअन्तर्गत स्याङ्जा र तनहुँको दक्षिणी पानीढलो अनि पाल्पा र नवलपुरको उत्तरी पानीढलो (कालीगण्डकी वारपारको भूभाग) लाई यस लेखका सन्दर्भमा कालीगण्डकी बेसी मानी अध्ययन गरिएको छ । यो कालीगण्डकी बेसी लोकसंस्कृतिका दृष्टिले सम्पन्न मानिन्छ । यस भेगमा विविध प्रकृतिका लोकगीत प्रचलनमा रहेको पाइन्छ। यस क्रममा यहाँ सदाकालिक र सामयिक दुवै प्रकारका लोकगीत प्रचलनमा रहेको फेला पार्न सकिन्छ । यस लेखमा यही कालीगण्डकी बेसीमा प्रचलित विभिन्न लोकगीतहरूमध्ये विरहनी, घटुवारे, र लाहुरेलो नाम वा भाकाले परिचित लोकगीतहरूको अध्ययन गरिएको छ । यीबाहेक यहाँ प्रचलित अन्य लोकगीतहरूको अध्ययन नहुनु यो लेखको सीमा हो ।

## समस्या तथा उद्देश्य

कालीगण्डकी बेसीअन्तर्गत राम्दीदेखि डेढगाउँसम्मको भूभागमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो नामका लोकगीतमा के कस्तो विषयभाव, लय र विशेषता भेटिन्छ ? भन्ने प्रश्न नै यस अध्ययनको मूल समस्या हो भने त्यसको प्राज्ञिक समाधानलाई यसले आफ्नो उद्देश्य बनाएको छ ।

## पूर्वकार्यको समीक्षा र लेखको औचित्य

लोकसाहित्यअन्तर्गत पर्ने लोकगीतमा केन्द्रित भई नेपालीमा प्रशस्त अध्ययन अनुसन्धानहरू भएको पाइन्छ । यद्यपि त्यस्ता अध्ययनहरूमा कालीगण्डकी बेसीमा प्रचलित घटुवारे, विरहनी र लाहुरेलो लोकगीतका बारेमा यसअघि कहीँकतै अध्ययन त के यी लयका लोकगीतको नामसमेत उल्लेख भएको देखिन्न । यसक्रममा कालीगण्डकी बेसीअन्तर्गत राम्दीदेखि डेढगाउँ क्षेत्रमा प्रचलित विभिन्न नाम र लयका लोकगीतका बारेमा पनि केही समीक्षकहरूद्वारा सामान्य अध्ययन भएको पाइन्छ । यस लेखमा उपर्युक्त लोकगीतको विधिपूर्वक अध्ययनका लागि पूर्वकार्य आवश्यक रहने हुँदा हालसम्म कालीगण्डकी बेसीका लोकगीतमा केन्द्रित अध्ययनलाई पूर्वकार्यका रूपमा लिई त्यसैका पृष्ठभूमिमा यस लेखको आधार र औचित्य

निर्माण गरिएको छ जुन यसप्रकार छन् -

नारायणप्रसाद अधिकारी (२०४३) ले ज्याग्दीखोले लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन शीर्षकको स्नातकोत्तर शोधपत्रमा ज्याग्दीखोला आसपासको क्षेत्रलाई केन्द्र बनाई त्यहाँ प्रचलित लोकगीतहरूको अध्ययन गरेको देखिन्छ । ज्याग्दीखोला क्षेत्रको दक्षिणी भेग कालीगण्डकी बेसीअन्तर्गत नै पर्ने हुँदा यहाँ सङ्कलित लोकगीतहरूमध्ये केही कालीगण्डकी बेसीमा प्रचलित पनि देखिएका छन् तर उनले यहाँ विरहनी, घटुवारे र लाहुरेलोका बारेमा कुनै चर्चा गरेका छैनन् ।

देवीप्रसाद वनवासीले आँधीखोले लोकसंस्कृति (२०५५) मा आँधीखोला क्षेत्रमा प्रचलित लोकगीतको चर्चा गर्ने क्रममा आफूले सङ्कलन गरेका केही लोकगीत कालीगण्डकी बेसीमा पनि प्रचलनमा रहेको उल्लेख गरेका छन् । यसो भएपनि यहाँ विरहनी, घटुवारे र लाहुरेलो लोकगीतका बारेमा भने कुनै चर्चा भएको देखिन्न ।

विश्वप्रेम अधिकारी (२०५७) ले आँधीखोले लोकसंस्कृति र लोकगीत नामक कृतिमा आँधीखोले लोकगीतको अध्ययन गर्ने क्रममा आँधीखोला क्षेत्रमा प्रचलित कतिपय लोकगीत गीतहरू भेगीय निकटताका कारण कालीगण्डकी बेसीमा पनि प्रचलित रहेको धारणा राखेका छन् । यहाँ पनि विरहनी, घटुवारे र लाहुरे लोका सम्बन्धमा कुनै चर्चा भएको पाइन्न ।

प्रमोद पंज्ञानी (सन् २०२२) ले कन्या जर्नलमा प्रकाशित स्याङ्जाका लोकगीतमा अभिव्यक्त लोकजीवन शीर्षकको लेखमा स्याङ्जाका लोकगीतको अध्ययन गर्ने क्रममा कालीगण्डकी क्षेत्रमा प्रचलित लोकगीतको पनि चर्चा गरेका छन् । उनको अध्ययन कालीगण्डकी बेसीमा नभइ समग्र स्याङ्जा जिल्लामा केन्द्रित भएको देखिन्छ । यस लेखमा पनि यस लेखमा अध्ययन गर्न खोजिएका लोकगीतका बारेमा कुनै चर्चा भएको पाइन्न ।

कुसुमाकर न्यौपाने (२०७९)ले गण्डकी बेसीमा प्रचलित लोकसङ्गीत शीर्षकको लेखमा स्याङ्जाको चापाकोट र पाल्पाको रामपुर क्षेत्रमा प्रचलित लोकगीत, लोकगाथा, लोकनाच र लोकबाजाको परिचयात्मक चर्चा गरेका छन् । यस लेखमा कालीगण्डकी बेसीअन्तर्गत पर्ने चापाकोट र रामपुर क्षेत्रमा प्रचलित विभिन्न लोकगीतको नाम लिइए पनि अझ महत्त्पूर्ण ठहरिएका विरहनी, घटुवारे र लाहुरेलो लोकगीतको चर्चा भएको देखिन्न ।

प्रमोद पंज्ञानी (२०७९) ले गण्डकी वाङ्मयमा प्रकाशित कालीगण्डकी बेसीका लोकगीतमा अभिव्यक्त लोकजीवन शीर्षकको लेखमा कालीगण्डकी बेसीअन्तर्गत राम्दीदेखि डेढगाउँसम्मको क्षेत्रमा प्रचलित लोकगीतमा अभिव्यक्त जीवनसन्दर्भको सामान्य चर्चा गरेका छन् । यसक्रममा उनले कालीगण्डकी बेसीका

लोकगीतमा विरहभाव र लाहुरे जीवनसम्बद्ध विषयभाव बढी पाइन्छ भन्ने सङ्केतमात्र गरेका छन् । यसर्थ उक्त अध्ययन पनि अधुरो देखिन्छ ।

जगन्नाथ न्यौपाने (२०७९) ले गण्डकी वाङ्मयमा प्रकाशित नेपाली लोकसाहित्यमा रोइला शीर्षकको लेखमा रोइला गीतको व्याख्या गर्दा कालीगण्डकी बेसीमा प्रचलित रोइलाको पनि चर्चा गरेको पाइन्छ । उनको यो अध्ययन रोइला गीतमा केन्द्रित रहेकोले यसमा यहाँ अध्ययन गर्न खोजिएका लोकगीतहरूको चर्चा भएको छैन ।

प्रमोद पंज्ञानी (२०८०) ले स्याङ्जा जिल्ला उद्योग वाणिज्य सङ्घको स्मारिकामा प्रकाशित स्याङ्जाको लोकसांस्कृतिक परिधि शीर्षकको लेखमा कालीगण्डकी बेसीमा प्रचलित लोकगीतहरूको पनि चर्चा गरेका छन् । यस क्रममा उनले कालीगण्डकी बेसी क्षेत्रमा घटुवारे, विरहनी र लाहुरेलो जस्ता लोकगीत प्रचलनमा रहेको उल्लेख गरेका छन् । यस लेखमा उनको अध्ययनकेन्द्र भिन्न रहेकोले उपर्युक्त लोकगतिहरूको सघन अध्ययन भने भएको देखिन्न ।

यसरी केही अध्येताहरूबाट भएका अध्ययनमा कालीगण्डकी बेसीमा प्रचलित लोकगीतको सामान्य या साङ्केतिक चर्चामात्र भएको पाइन्छ । त्यसमा पनि विरहनी, घटुवारे र लाहुरेलो नामका लोकगीतका बारेमा सीमित लेखमा सामान्य सङ्केतमात्र गरिएको पाइन्छ । ती प्राप्त सामग्रीहरू पनि परिचयात्मक र सामान्य प्रकृतिका देखिन्छन् । अझ महत्त्पूर्ण कुरा त कालीगण्डकी बेसीको सीमाङ्कन गरी यस क्षेत्रमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो नामका लोकगीतमा मात्र केन्द्रित रही तिनमा पाइने गायनसन्दर्भ, विषयभाव र विशेषताको अध्ययन भएको अवस्था त झन् कतै भेटिन्न । यस स्थितिमा पहिलोपटक उक्त समस्यालाई सम्बोधन गर्ने उद्देश्य राखिएकोले यो अध्ययनको महत्त्व, औचित्य र उपयोगिता आफैमा प्रमाणित हुन्छ ।

**अध्ययन विधि**

यस अध्ययनका लागि सामग्रीको स्रोत मूलतः क्षेत्रकार्य र अंशतः पुस्तकालयलाई बनाइएको छ । राम्दीदेखि डेढगाउँसम्मको क्षेत्रमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो नामका विविध लय संरचनामा आधारित सङ्कलित लोकगीत यस लेखको खास आधार सामाग्री हुन् । यस सन्दर्भमा यसै क्षेत्रका स्थानीय लोकगायकले ग्रामीण जनजीवनमा गाएका र रेडियो नेपालमा रेकर्ड गराएका लोकगीतका अंश प्राथमिक स्रोतका रूपमा रहेका छन् । अध्ययनका क्रममा लिइएका अन्य सामग्री द्वितीयक सामग्री हुन् । यस अध्ययनको केन्द्र रहेका विरहनी, घटुवारे र लाहुरेलो लोकगीतका बारेमा यसअघि अनुसन्धान गरिएका र तयार पारिएका लिखित सामग्री कतै नभेटिएकाले यस क्षेत्रका स्थानीय लोकगायक र लोकगीतको अन्वेषणमा लागेका व्यक्तिहरूसँग गरिएको छलफल एवम् विमर्श नै अध्ययन विश्लेषणको खास स्रोत बनेको छ । कालीगण्डकी बेसीको सीमाङ्कित क्षेत्रमा प्रचलित विरहनी, घटुवारे र लाहुरेलो नाम वा भाकाका

लोकगीतका केही उदाहरणसहित तिनमा प्रयुक्त विषय र भावसन्दर्भसहित तिनको विशेषता र महत्त्व पुष्टि गर्नु यस अध्ययनको विश्लेषणको विधि हो ।

**लोकगीतको संक्षिप्त परिचय र विषयसन्दर्भ**

लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीत प्रमुख मानिन्छ । यसको आफ्नै स्वरूप, संरचना विशेषता रहेको हुन्छ । ग्राम गीत पनि भनिने यस्ता गीतमा लोक सामाजमा बसेर अनेक दुःखसुख भोग्दै आएका जन जनका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविछिन्न, सहज लयात्मक गीतिप्रवाह नै लोकगीत मानिन्छ (पराजुली, २०५७, पृ. ७०) । यसमा लोकमानसको दुःखसुख, हर्ष, विषाद, आशा, निराशा, संयोग,वियोग अत्यन्त सघन रूपमा प्रतिबिम्बित भएर आएको हुन्छ । यसले स्रोता वा भावकमा विशेष खालको रसभाव सञ्चरणसमेत गरेर खास प्रवाहमा पुऱ्याउने सामर्थ्य राखेको हुन्छ । सदाकालिक वा बाह्रमासे र सामयिक गरी लोकगीतका मुख्य दुई भेद देखिन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ५) । विशेष अवसर, ऋतु र पर्वमा मात्र गाइने गीतलाई सामयिक लोकगीत मानिन्छ भने सबै ऋतु, महिना र समयमा गाइने लोकगीतलाई सदाकालिक लोकगीत भनिन्छ । यसलाई बाह्रमासे लोकगीत भनेर पनि चिन्ने चिनाउने गरिएको पाइन्छ । यद्यपि यस्ता लोकगीतहरू कुनै चाडपर्व, संस्कार या कुनै काम गर्दा पनि नारी पुरूषद्वारा एकल वा सामुहिक दुवै किसिमले गाइन्छन् (बन्धु, २०५८, पृ. १२८) । मायाप्रेम, सुखदुःख, विरहवेदना, मिलनविछोड, आर्थिक अभाव, आशानिराशा आदि विविध पक्षहरू सदाकालिक लोकगीतको विषय बन्ने गरेको देखिन्छ । नेपाली लोक जीवनमा यस्ता सदाकालिक एवम् सामयिक दुवै प्रकारका लोकगीतहरू प्रचलनमा रहेको पाइन्छ।

राम्दीदेखि डेढगाउँ क्षेत्रमा प्रचलित लोकगीत नै यस अध्ययनका सन्दर्भमा कालीगण्डकी बेसीका लोकगीत हुन् । यस क्षेत्रभित्र सामयिक र सदाकालिक दुवै प्रकारका लोकगीत प्रचलनमा रहेको पाइन्छ । लोकगीतको वर्गीकरणका दृष्टिले यहाँ प्रचलित लोकगीतहरू क्षेत्रीय भेदअन्तर्गत पर्ने देखिन्छ । नेपालका अन्य क्षेत्रमा जस्तै यहाँ पनि विभिन्न सदकालिक लोकगीत प्रचलनमा रहेको पाइन्छ । जसमा झ्याउरे, रोइला, सालैजो, निरीमाया, कठै, विरहनी, घटुवारे, लाहुरेलो मुख्य रूपमा देखिन्छन् । तीमध्ये विरहनी, लाहुरेलो र घटुवारे भाका भावाभिव्यक्ति र लय विशेषका दृष्टिले अन्य भन्दा फरक प्रकृतिका लोकगीतभित्र पर्दछन् (पंज्ञानी,२०८०, पृ. ५७) । कालीगण्डकी बेसीमा यी भाकाहरू केही दशकअघिसम्म बाक्लो प्रचलनमा रहेको पाइए पनि अहिले भने विविध कारणले लोपोन्मुख अवस्थामा रहेको देखिन्छ ।

**विषय विश्लेषण**

***विरहनी***

विरहनी कालीगण्डकी बेसीमा प्रचलित स्थानीय शब्द हो । यस शब्दको अर्थ बिरहिनी शब्दको अर्थ भन्दा फरक अर्थमा यस क्षेत्रमा प्रयोग भएको पाइन्छ । नेपाली बृहत् शब्दकोशअनुसार बिरहिनी शब्दले मारूनी नाचमा गाइने एक प्रकारको लयलाई जनाउँछ । यहाँ प्रयुक्त विरहनी शब्दले भने यस कालगिण्डकी क्षेत्रमा

बाह्रै मास गाइने विशेष लय र प्रकृतिको लोकगीतलाई चिनाएको पाइन्छ । स्थान र सन्दर्भगत प्रयोगअनुसार यो विरहनी शब्दमा विछोड, विरह, कष्ट, पीडा भन्ने अर्थ सन्निहित भएको थाहा हुन्छ । यस अर्थमा विरहसँग सम्बन्धित गीत विशेषलाई विरहनी भनिएको बुझिन्छ । यसै कालीगण्डकी बेसीक्षेत्र निकट जन्मे हुर्केका लोकगीत अन्वेषक नारायण रायमाझीका अनुसार विरह, वेदनाभाव मूल विषय रहने, महिला पुरूषले एकल वा सामूहिक दुवै किसिमले गाउन सकिने, अलि लामो लयमा संरचित, अन्यभन्दा फरक प्रकृतिको लोकभाका विशेषको गीत नै विरहनी भाका हो । उनका अनुसार यो भाका कालीगण्डकी बेसीमा केही दशक अघिसम्म बाक्लै गाइन्थ्यो अहिले लोपोन्मुख अवस्थामा छ । चापाकोट नगरपालिका वडा नं नौ निवासी ९५ वर्षीय कृष्णकान्त आचार्यका अनुसार यस क्षेत्रका बासिन्दाले मेलापात, गोठालो गर्दा, रातसँझमा बसीबियाँलो गर्दा मनका अनेक विरह वेदना पोख्दै लामो भाका र ढिलो गतिमा गाइने गीत नै विरहनी हो र यो भाका अन्य लयका तुलनामा अलि बढी नै लसकाएर गाइन्छ । यस्तै नवलपुर डेढगाउँ निवासी स्थानीय गायिका हिरादेवी पाण्डेका अनुसार यो लयको गीतमा दुःख र विरहका भावमात्र व्यक्त हुनेहुँदा यसलाई विरहनी भनिएको हो । उनका अनुसार यस्तो गीत एकान्त ठाउँमा एक्लै बसेर वा सीमित व्यक्ति बसेर मादलको तालसँग पनि गाइन्छ । यस्तो विरह मूलतः आफन्तको विछोड, मायाप्रेम र आर्थिक अभाव या गरिबीसम्बद्ध हुने गरेको पाइन्छ । यो विरहनी भाकामा गाइने लोकगीतका केही उदाहरणहरू यस प्रकार छन् –

क. करिमैमा नभए पछि त

झर्दोरैछ निधारको अछेता..... ( स्रोत : पुन्यप्रसाद बस्याल, चापाकोट स्याङ्जा )

उपर्युक्त शब्दहरूको लयगत स्वरूप यस प्रकार छ –

ह है करिमइइमाओ नअइभएएओ पअअछिइइ तअओ

ह है झरअदोओओ रअअइछअअ निइइधाआरअअइकोओ अअछेइताआ ...

ख. सधैँ मलाई यै चाल होला कि

कैले कसो सुखले छोला कि ......(स्रोतः हिरादेवी पाण्डे, डेढगाउँ, नवलपुर)

ग. रिन लागे काम गरी तिरिन्छ

दीन लाग्दा पो यो छाती चिरिन्छ ..... (स्रोत : नारायण रायमाझी, पाल्पा)

घ. कति बसुँ दिनरात पर्खेर

न त आउने यो वैँश फर्केर ...... (स्रोत : खगीसरा घर्ती : चापाकोट, स्याङ्जा )

ङ. लेकैबाट झरेकी काली

लगिदेउन यो वह पखाली ....... (स्रोत : मथुरा भण्डारी, हेकलाङ् पाल्पा)

माथि प्रस्तुत लोकगीतांशहरूमा भाग्यले ठगिदाको विरह, आर्थिक अभावसम्बद्ध विरह, प्रियजनसँग विछोडिनु पर्दाको विरह आदिको सघन अभिव्यक्त भएको देखिन्छ । यसरी कालीगण्डकी बेसीको लोक जीवनमा अनेक दुःख र कष्टसाथ दिन काट्ने र बाँची बस्ने क्रममा यहाँका ग्रामीण जनका गलाबाट ढिलो र लामो लयमा प्रस्तुत विरह वेदनाको अभिव्यक्तिजन्य भाका विशेष विरहनी भाका वा विरहनी लोकगीतका रूपमा परिचित भएको भेटिन्छ ।

***घटुवारे***

घटुवारे शब्दले घाटसँग सम्बन्धित अर्थ वहन गरेको पाइन्छ । घाट शब्दले खास गरी काठबाट निर्मित डुङ्गाबाट नदी वारपार गर्ने ठाउँ विशेषलाई जनाउँछ । यही घाटसँग सम्बन्धित हुनेलाई घटवारे भनिएको पाइन्छ । कालीगण्डकीका तटीय क्षेत्रमा वारपार गर्ने यस्ता धेरै घाटहरू छन् । तीमध्ये राम्दीघाट, हुँगीघाट, खोरीयाघाट, केलादीघाट, पुट्टारघाट, घुमारीघाट प्रसिद्ध मानिन्छन् । अहिले धेरै घाट आसपासमा झोलुङ्गे पुल र मोटर गुड्ने पुल बनेका छन् । पुलको निर्माण हुनुअघिसम्म घाट घाटमा डुङ्गामार्फत वार पार गरिन्थ्यो । काष्ट कलामा निपुण सिकर्मीहरूद्वारा सिमलका विशाल रूख काटेर कलात्मक डुङ्गा निर्माण गरिन्थ्यो जसबाट मानिस वारपार हुन्थे । सिद्धार्थ राजमार्ग सञ्चालनमा आउनुअघि पैदलमार्गद्वारा बुटवल र पोखरासम्म आवतजावत गर्ने यात्रुका लागि यहाँका राम्दीघाट, खोरियाघाट र केलादीघाट विशेष पायक पर्ने घाट मानिन्थे । चापाकोट ९ निवासी ९५ वर्षीय कृष्णकान्त आचार्यका अनुसार बर्खामासको उर्लदो भेलबाहेक अन्य समयमा यी घाटमा दैनिक डुङ्गा चलिरहन्थे ।

यसरी घाट तर्ने क्रममा यात्रु जम्मा हुने समय, तर्ने पालो र कहिलेकाहीँ बोटे (घाट तार्ने माझी) को प्रतिक्षामा बसेका बेला समय बियाँल्न गीत गाएर बस्ने परम्परा रहेको पाइन्छ । चापाकोट ८ खोरियाघाट निवासी ६७ वर्षिय डिल्लीराम माझीका अनुसार डुङ्गा तर्ने पालो कुरेर बसेका यात्रुहरूले समय विताउँदै गर्दा गाइने लोकलयका गीत नै यस क्षेत्रमा घटुवारे भाका वा घाटे भाका नामले परिचित भएका हुन् । उनका अनुसार यी गीतमा कालीगण्डकी नदी, माझी, डुङ्गा, गवना र मानवीय जीवनका दुःखसुखका विषय आउने र प्रायः छोटो लयमा मादलको तालमा गाइन्थ्यो । रामपुर नगरपालिका विजयपुर निवासी ८५ वर्षीय बोधराज भण्डारीका अनुसार घटुवारे गीत छोटो लयका अनेकथरी विषयका र बोटे र यात्रुबीच हुने संवादात्मक प्रकृतिका पनि हुन्थे । लोकगायक नारायण रायमाझीका अनुसार घटुवारे भाकामा माइत हिँडेका चेलीहरूका वेदना पनि गाइन्थ्यो । उनका अनुसार तीजका बेला माइत जाने, दशैं, तिहारमा टीका थाप्न माइत जाने र घर फर्कने क्रममा चेलीहरूले डुङ्गा तर्न घाट कुरेर बसेका बेला, घर, माइत, बोटे, डुङ्गा, कालगिण्डकी, घर खाँदाका पीडा आदिलाई विषय बनाएर पनि घटुवारे लयमा गाउने परम्परा रहेको फेला पर्छ । यतिमात्र होइन कतिपय सन्दर्भमा यात्रु र चेली तथा यात्रु र बोटे बीचको संवादात्मक शैलीमा पनि घटुवारे गाइने गरेको तथ्य फेला पर्छ । यस दृष्टिले घटुवारे लोकगीत एकल, सामूहिक र संवादात्मक शैलीमा गाउने

परम्परा रहिआएको देखिन्छ । घटुवारे गीतका केही उदाहरण -

***एकल वा सामूहिक शैली***

क. बिसै र हाते सिमलु डुङ्गिया थाकले गोवना
कालीको पानी बगे भैँ गयो यो पापी जोवान..........

ख. बटौली जाउँला नुन बोकी आउँला दुखारी करिम
घटवारे दाजै बुझिदेउ मेरो मनको मरिम......

ग. तीरैको ढुङ्गा कालीको डुङ्गा माझीले तारनी
नआइदे झरी वर्खाको भेल वितरा पारनी ...... ( डिल्लीराम माझी, चापाकोट, स्याङ्जा)

***संवादात्मक शैली***

चेली - घाटैमा बसने घटुवारे दाजु
डुँगियै तारिदेउ न

माझी - कहाँ हो घर कता पर्यो माइत
चेलीयै कता गर्यो नि साइत

चेली - टाढाको घर कालीपार माइत
बरिखे भेलले छेक्यो साइत

माझी - हामीलाई पाहूर दिनेमा भएत
डुँगियै तरेर जाउली चेली माइत ...... (स्रोत : नारायण रायमाझी, पाल्पा)

यसरी जीवनका अन्य घटनासन्दर्भभन्दा मूलतः यात्रा र डुङ्गा तर्ने घाटसँग सम्बन्धित विषयमा मात्र केन्द्रित भएर गाइएका गीत विशेष नै घटुवारे गीतका रूपमा प्रचलित रहिआएको पाइन्छ । हाल यो गीत विविध कारणले लोपोन्मुख स्थितिमा रहेको देखिन्छ ।

***लाहुरेलो***

कालीगण्डकी बेसीको प्रमुख जीवनाधार कृषिकर्म र पशुपालनपछिको रोजगारी हो । यस क्षेत्रका युवाहरू स्वदेशको रोजगारीबाहेक भारतीय र वेलायती सेनामा भर्ती हुने परम्परा पुरानो हो । लाहुरेलो शब्दको अर्थ र प्रचलन पनि यही परम्परासँग सम्बद्ध भएको पाइन्छ । लाहुरेलो शब्द कालीगण्डकी बेसीमा प्रचलित स्थानीय शब्द हो । अर्थगत सम्बन्ध हेर्दा यो शब्द लाहुरे शब्दबाट बनेको देखिन्छ । कालीगण्डकी बेसी क्षेत्रमा जन्मेहुर्केर भारतीय सेना, बेलायती सेना तथा अन्य देशको सैन्य सेवामा भर्ती भएका लाहुरे र तिनको जीवन भोगाइसम्बद्ध विषयलाई अभिव्यक्तिको मूल आधार बनाई स्थानीय स्तरमा विशेष भाकामा सिर्जना गरिएका लोकलय विशेषका गीतलाई जनाउने क्रममा लाहुरेलो शब्दको उत्पत्ति भएको तथ्य फेला पर्छ ।

पल्टनको लाहुरे घर बिदामा आउँदाको खुशीयालीमा होस् वा बिदा सकेर पल्टन फर्किएको

लाहुरेको सम्झनामा होस् स्वयं लाहुरे, उसका घरपरिवारका सदस्य, लाहुरेका साथीसँगी र मायालुहरूले तिनै लाहुरेका कथाव्याथा, आनिबानी र उसँगको विछोडको भावनालाई घरआँगन, बनपाखा, मेलापात, गोठालो आदिमा मझौला लयमा गाइने गीत विशेषलाई यस क्षेत्रमा लाहुरेलो भन्ने गरिएको पाइन्छ । त्यसो त लाहुरे जीवनलाई मूल विषय बनाएर लोकलयका गीत सिर्जना गर्ने र गाउने चलन यस क्षेत्रमा मात्र नभई अन्यत्र पनि पाइन्छ । अझ गन्धर्व लयमा सारङ्गी धुनमा साँधेर लाहुरेका गाथा गाउने चलन त धेरै पुरानो हो । यसो भएपनि फेरि लाहुरेलो नै नाम दिएर गाउने चलन भने अन्यत्र देखिन्न । रामपुर नगरपालिका, विजयपुर निवासी ६२ वर्षीय भारतीय सेनाका पूर्व सुवेदार शिव न्यौपानेका अनुसार सैन्य सेवामा कार्यरत लाहुरेहरूको कथाव्याथा र जीवनमा मात्र केन्द्रित रहेर त्यस्तो जीवनसँग जोडिएका यावत् दुःखसुखजन्य भाव अभिव्यक्त गरेर गाइने हुनाले यस्तो गीतलाई लाहुरेलो भनिएको हो । लोकगायक नारायण रायमाझीका अनुसार यो गीत कालीगण्डकी बेसीअन्तर्गत पाल्पा र स्याङ्जा क्षेत्रमा बढी प्रचलित देखिन्छ र यसमा भेगअनुसार सामान्य किसिमको लयगत भिन्नता भने देखिन्छ । जे होस् यस्तो प्रकृतिको गीतमा केबल सैन्य सेवामा रहेका र सेवाबाट निवृत्त भएका लाहुरे र उनीहरूको जीवनसम्बद्ध विषयमात्र रहन्छ । चापाकोट ९ निवासी भारतीय सेनाका पूर्व सुवेदार ओमबहादुर भूजेलका अनुसार लाहुरेलो सुखभाव र दुःखभावका गरी दुई प्रकारका हुन्छन् । पल्टनबाट केही समय बिदा पाएर घरमा आउँदा स्वयं लाहुरे, लाहुरेको घरपरिवार र छिमेकीहरूले खुशी वा सुखभाव व्यक्त गरेर प्रायः रातसाँझका बेला घरआँगनमा बसी गाउने परम्परा देखिन्छ । अर्कोतिर बिदा सकेर पल्टन फर्केपछि स्वयं लाहुरे, घरपरिवार र उसका छिमेकी, दमाली दौँतरीले छुट्टिनुपर्दाको पीडा र विरानोपनको भाव व्यक्त गाउने प्रचलन देखिन्छ । नारायण रायमाझीका अनुसार लाहुरेलो आंशिक रूपमा झ्याउरे लयको निकट देखिन्छ भने अधिकतर फरक लयमा गाइने गरिन्छ र यसमा मादलको प्रयोग हुन्छ ।

***संयोगजन्य सन्दर्भमा गाइने लाहुरेलो***

पल्टनबाट बिदा पाउने क्रममा लाहुरेहरू बिस दिने, एक महिने र दुई महिने छुट्टीमा घर आउने प्रचलन छ । लाहुरे बिदामा आउँदा घर गाउँमा रमाइलो वातावरण हुन्छ । त्यसमा पनि लाहुरेहरू प्रायः दशैं, तिहार, माघे सङ्क्रान्ति मनाउने गरी बिदा मिलाएर आउने गरेको पाइन्छ । यस समयमा कालीगण्डकी किनारका राम्दीघाट, खोरियाघाट, ज्याग्दीघाट, केलादीघाटमा मेला लाग्थे । मेलामा लाहुरे र उनीहरूका सँगीसाथी, दमालीदौँतरीबिच सुखद् भेटघाट हुन्थ्यो । त्याहाँ लाहुरेहरूले हासखेल, रङ्गरसका गीत गाउने प्रचलन पाइन्छ । मेलापर्व नहुँदा गाउँघरमै जम्मा भएर लाहुरे जीवन, उनीहरूको भोगाइ, लाहुरे घरमा आउँदा पल्टने छोराका बाबुआमा र मायालु प्रेमीका र श्रीमतीले गरेका सुखजन्य अनुभूति आदिलाई विषय बनाएर गाइने लोकलयात्मक गीतलाई संयोगजन्य सन्दर्भका लाहुरेलो मानिन्छ । यस्ता भावका कतिपय लाहुरेलो दोहोरीमय हुने गरेको पनि पाइन्छ । केही उदाहरण –

(क) आयो लाहुरे बुटपट्टी कसेर
बा आमालाई भेटौँला भनेर ।
फुकाइदिउँला गोठैको खसी
फौजी लाहुरे छुट्टीमा आएसी । (स्रोत : सुवेदार शिव न्यौपाने रामपुर पाल्पा)

(ख) घाम लाग्यो बनपाखा घमाइलो
लाहुरे आयो गाउँघरै रमाइलो ।
कस्तो छ त दाइ तिम्रो लाहुर
के ल्यायौ त खै मलाई पाहूर ।
बाउलाई धन आमालाई पाहूर
जान्छ्यौ कि त मैसित लाहुर । (स्रोत : ओमबहादुर भुजेल, चापाकोट स्याङ्जा)

***वियोगजन्य सन्दर्भमा गाइने लाहुरेलो***

घरगाउँमा बसेर रमाइलो गर्दागर्दै लाहुरेको बिदा सकिन्छ । पल्टन हाजिर हुनजाने दिन आउँछ या पल्टनबाट हाजिर हुन आउनु भन्ने आकस्मिक खबर आउँछ । यस स्थितिमा लाहुरेहरू पल्टन फर्कने तयारीमा लाग्छन् । गाउँका इष्टमित्र, आफन्त, साथीभाइ, मायालु, धरपरिवार सबैसँग बिदा हुन्छन् । लाहुरे फर्केसँगै गाउँमा शून्यता छाउँछ । यसरी पल्टन फर्कने क्रममा स्वयं लाहुरेहरूबाट र उनीहरूका बाबुआमा, दमालीदौँतरी, मायालु या श्रीमतीहरूले लाहुरेसँगको वियोगजन्य अवस्थामा मनका अनेक विरहभाव व्यक्त गरी गाइने लाहुरेलो वियोगजन्य लाहुरेलोमा पर्ने मानिन्छ । विशेषतः वियोगजन्य लाहुरेलो मेलापात गर्दा अनि एकलास स्थानमा बसेर गाउने गरिन्छ । केही उदाहरण –

(क) गयो लाहुरे काली पार तरेर
वनपाखा गाउँ शून्य पारेर ।

(ख) बुझ्द्यौ सानी यो मनको मरिम
यस्तै रैछ लाहुरेको करिम ।

(ग) आज घर भोलि त पल्टन
जे त होला दैवको खटन । (स्रोतः सुवेदार शिव न्यौपाने, रामपुर पाल्पा)

(घ) खर काटेर घर छाउने बेलैमा
गयो लाहुरे नौतुना रेलेमा ।

(ङ) लाहुरे ज्यानको के छ र भर
रहन्छ कि अधुरै घरबार । (स्रोतः सुवेदार ओमबहादुर भुजेल, चापाकोट ९, स्याङ्जा)

**निष्कर्ष**

लोकसाहित्यको प्रमुख र लोकप्रिय विधा लोकगीत स्थान, समय, प्रकृति र जीवन भोगाइअनुरूप गाउने गरिन्छ । यस सन्दर्भमा कालीगण्डकी बेसीअन्तर्गत राम्दीदेखि डेढगाउँसम्मको भूभागमा प्रचलित मौखिक परम्परामा पुस्तान्तरित हुँदै आएका अनि लोकलयात्मक प्रवाहका गीत विशेष नै कालीगण्डकी बेसीका लोकगीत मानिन्छन् । नेपालका अन्य क्षेत्रमा जस्तै यस भेगमा पनि सदाकालिक र सामयिक दुबै प्रकारका लोकगीत प्रचलनमा रहेका छन् । त्यस्ता सदाकालिक लोकगीतहरूमध्ये विरहनी, घटुवारे, लाहुरेलोजस्ता गीतहरू तत्स्थानिक जीवनभोगाइ, सघन भावाभिव्यक्ति र स्रोता वा भावकलाई भिन्न प्रभावमा पुऱ्याउने लय सामर्थ्यका कारण यस भेगमा प्रचलित झ्याउरे, रोइला, सालैजो, निरीमाया जस्ता अन्य लयका लोकगीतभन्दा स्वरूप, संरचना र भावसम्प्रेषणका दृष्टिले भिन्न विशेषताका ठहरिन्छन् । जसका कारण पनि यी लोकगीतले यस भेगको लोकजीवनमा गहिरो प्रभावसमेत पारेको देखिन्छ । यी लोकगीतहरूमा देखिने खास वैशिष्ट्य पनि यही नै हो । यसका साथै यी सदाकालिक लोकगीतहरू जीवन जगत्को दुःखसुखात्मक अभिव्यक्तिका दृष्टिले अझ बढी महत्त्पूर्ण र अध्येय देखिन्छन् । यसर्थ लोकसाहित्यिक गरिमा र महत्त्वसँगै यस क्षेत्रकै पहिचान बोकेका यी लोकगीतहरू विविध कारणले लोपोन्मुख अवस्थामा रहेकाले यिनको अनुसन्धान र संरक्षण अपरिहार्यसमेत देखिएको छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, नारायणप्रसाद (२०४३), *ज्याग्दीखोले लोकगीतको सङ्कलन, वर्गीकरण र अध्ययन*, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

अधिकारी, विश्वप्रेम (२०५७), *आँधीखोले लोकसंस्कृति र लोकगीत*, विजयकुमार अधिकारी ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक*, वीणा प्रकाशन ।

न्यौपाने, कुसुमाकर (२०७९), गण्डकी बेसीमा प्रचलित लोकसङ्गीत, *गण्डकी वाङ्मय*, १ (१), १-८ ।

न्यौपाने, जगन्नाथ (२०७९), नेपाली लोकसाहित्यमा रोइला, *गण्डकी वाङ्मय*, १ (१), ४५ - ४९ ।

पंज्ञानी, प्रमोद (सन् २०२२), स्याङ्जाका लोकगीतमा अभिव्यक्त लोकजीवन, *कन्या जर्नल*, (३),१११-१२१ ।

पंज्ञानी, प्रमोद (२०७९), कालीगण्डकी बेसीका लोकगीतमा अभिव्यक्त लोकजीवन, *गण्डकी वाङ्मय*, १ (१), ८७-९६ ।

पंज्ञानी, प्रमोद (२०८०), स्याङ्जाको लोकसांस्कृतिक परिधि, *स्याङ्जा जिल्ला उद्योग वाणिज्य सङ्घ स्मारिका, पृ.* ५४ - ५८ ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य*, एकता बुक्स ।

वनवासी, देवीप्रसाद (२०५५), *आँधीखोले लोकसंस्कृति*, चित्रलेखा प्रकाशक ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य*, विद्यार्थी पुस्तक भण्डार ।